

# प्रधानमन्त्री - विद्यालक्ष्मी डिजिटल रुपैयाँ एप (सीबीडीसी वालेट)

**भारतीय रिजर्भ बैंकको केन्द्रीय बैंक डिजिटल मुद्रा कार्यक्रम अन्तर्गतको एक प्रायोगिक पहल**

**विद्यार्थीहरूले ब्याज अनुदानको रकम सिधैं आफ्नो पीएम विद्यालक्ष्मी डिजिटल रुपैयाँ वालेटमा प्राप्त गर्छन्।**

विद्यार्थीले पीएम विद्यालक्ष्मी डिजिटल रुपैयाँ वालेटमा अनुदान रकम प्राप्त भएको 30 दिनभित्र उक्त रकम आफ्नो शिक्षा ऋण खातामा स्थानान्तरण गर्नुपर्छ।

प्रत्येक वर्ष, विद्यार्थीले पीएम विद्यालक्ष्मी डिजिटल रुपैयाँ वालेटमा ई–रुपी प्राप्त भएको 30 दिनभित्र आफ्नो शिक्षा ऋण खातामा स्थानान्तरण गर्न स्वीकृति दिनुपर्छ।

यस प्रणालीले आवेदनको प्रामाणिकता, कारोबारको ट्रेसबिलिटी (पछ्याउन सकिने क्षमता) बढाउँछ तथा कोषको पारदर्शी उपयोग सुनिश्चित गर्छ।

## वितरण अघि आवश्यक प्रपत्रहरू

- आधार कार्ड : शिक्षा ऋण वितरण हुनुअघि
  प्यान कार्ड : शिक्षा ऋणको लागि आवेदन दिने समयमा
- पासपोर्ट आकारको रङ्गीन फोटो (विद्यार्थी तथा सह-आवेदक, आवश्यक भएमा)
- कक्षा 10, कक्षा 12, स्नातक वा पछिल्लो योग्यता परीक्षाको अङ्क पत्र तथा प्रमाणपत्र (सेमेस्टर अनुसार, लागू भएमा)
- भर्ना/प्रस्ताव पत्र तथा खर्चको तालिका
- सरकारी सक्षम निकाय (तहसिलदार/ एसडीएम अदालत) द्वारा जारी आय प्रमाणपत्र – ब्याज अनुदानका लागि योग्य विद्यार्थीहरूका लागि मात्र लागू

आवेदन गर्न स्क्यान गर्नुहोस्

Internal आन्तरिक

*T&C Apply


**Department of Higher Education**
Ministry of Education
Government of India


# भारतका युवालाई सशक्त बनाउँदै

PM-VIDYALAXMI
Inspiring Learning, Achieving Goals





## प्रधानमन्त्री विद्यालक्ष्मी योजना

**राष्ट्रका पहिचान गरिएका गुणस्तरीय उच्च शैक्षिक संस्थाहरू (QHEIs) का लागि शिक्षा ऋण योजना**

https://www.dohe-education.gov.in/department/our-bureaus/details/scholar-ships-education-loan-MDO2AjMtQWa

**धितो तथा जमानतकर्ता बिना शिक्षा ऋण।**

**₹7.50 लाखसम्मको ऋणमा भारत सरकारद्वारा 75% क्रेडिट ग्यारेन्टी प्रदान गरिनेछ।**

सरल, पारदर्शी, विद्यार्थीमैत्री तथा पूर्ण रुपमा डिजिटल प्रक्रिया।

**व्यावसायिक/प्राविधिक पाठ्यक्रम अध्ययन गर्ने वार्षिक पारिवारिक आय ₹4.50 लाखसम्म भएका विद्यार्थीहरूलाई भुक्तानी स्थगन अवधिभर पूर्ण ब्याज अनुदान प्रदान गरिनेछ। साथै, वार्षिक पारिवारिक आय ₹8.00लाखसम्म भएका विद्यार्थीहरूलाई सबै पाठ्यक्रमका लागि ₹10 लाखसम्मको शिक्षा ऋणमा 3 % ब्याज अनुदान उपलब्ध गराइनेछ।**

**ब्याजदर सम्बन्धित बैंकको बाह्य मानकमा आधारित ऋणदर + 0.5% सम्म सीमित हुनेछ।**

अनलाइन आवेदन गर्नुहोस्
https://pmvidyalaxmi.co.in

# प्रधानमन्त्री उच्चतर शिक्षा प्रोत्साहन– केन्द्रीय क्षेत्र ब्याज अनुदान योजना

**वार्षिक पारिवारिक आय ₹4.50 लाखसम्म भएका विद्यार्थीलाई ₹10 लाखसम्मको शिक्षा ऋणमा पूर्ण ब्याज अनुदान।**

यो योजना योजना-निर्देशन अनुसार योग्य संस्थान वा विश्वविद्यालयमा व्यावसायिक वा प्राविधिक पाठ्यक्रममा अध्ययनरत विद्यार्थीहरुका लागि लागू हुन्छ।

**यो योजना सबै अनुसूचित बैंक, क्षेत्रीय ग्रामीण बैंक तथा सहकारी बैंकहरूमा लागू हुन्छ।**

थप जानकारीका लागि
https://www.dohe-education.gov.in/department/our-bureaus/details/scholarships-education-loan-MDO2AjMtQWa



Internal